नेपाल सरकार
गृह मन्त्रालय
# प्रहरी प्रधान कार्यालय
प्रहरी महानिरीक्षकको सचिवालय
(०७४/०७५) च.नं.

फोन: ०१-४४११२१०
१०२,११५,११६
Ext:
फ्याक्स : ०१-४४१५५९३
पो.ब.नं. ४०७
नक्साल, काठमाण्डौ

मिति: २०७४।०९।२९ गते।

## प्रेस विज्ञप्ति

### दुर्गा तिवारीको हत्यामा संलग्न तुल बहादुर सिंजाली पक्राउ।

मिति २०७३/०९/०४ गते अ.१५:३० बजे जिल्ला रुपन्देही,देवदह नगरपालिका ८ स्थित कोलिय मार्गमा ऐ.ऐ. ७ खैरेनी बस्ने रुपन्देही युवा संघका अध्यक्ष दुर्गा प्रसाद तिवारी लु. २५ प. ८४४१ नम्बरको मो.सा.मा आफ्नो घरतिर गइरहेको अवस्थामा दुई जना सवार बा. ५१ प. ८०७३ नं को मो.सा, सोही दिशाबाट आइ दुर्गा तिवारीलाई गोली हानी भागेकोमा निज तिवारीको अस्पताल लैजाने क्रममा बाटोमा मृत्यु भएको थियो।

उक्त घटनामा संलग्न भई फरार मध्येका तुल बहादुर सिंजालीलाई आज मिति २०७४/०९/२९ गते त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थल काठमाण्डौबाट पक्राउ गरिएको हो।

निज सिंजाली बिरुद्ध अन्तर्राष्ट्रियस्तरमा खोजतलास गर्नका लागि नेपाल प्रहरीबाट Diffusion जारी गरिएकोमा खोजतलासको क्रममा निज प्रतिबादी सिंजाली कतारमा रहेको भन्ने जानकारी प्राप्त भए पश्चात INTERPOL Nepal र INTERPOL Qatar को समन्वयको आधारमा INTERPOL Qatar ले पारस्परिक सहयोगको आधारमा मिति २०७४/०९/२९ गते शनिबारका दिन QATAR AIRWAYS को उडानद्वारा नेपाल फिर्ता पठाएको हो।

उक्त घटनामा निज तत्काल पक्राउ नभई फरार रहेकोले मुलुकी ऐन ज्यान सम्बन्धी महलको १ नं. र १६ नं. को कसुर अपराधमा ऐ. १६ नं. बमोजिम एवं संगठित अपराध निवारण ऐन अनुरुप सजाँय हुने समेत मागदावी लिई सम्मानित अदालत समक्ष पेश गरेको थियो। निज फरार रहेकाले निजको हकमा वारेण्ट तथा म्यादी पूर्जी जारी हुन समेत प्रस्तुत गरिएकोले हाल पक्राउ भएकोले थप आवश्यक कारवाहीका लागि ईलाका प्रहरी कार्यालय बुटवलमा पठाईने।



2074/9/29

प्रहरी नायव महानिरीक्षक
(मनोज नेउपाने)
केन्द्रीय प्रहरी प्रवक्ता